
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३४५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० पुस २४ गते मंगलबार ❑ 9 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## राष्ट्रिय सभा सदस्य निर्वाचनमा विजयी गराउन गठबन्धनको वैठक

**पोखरापत्र संवाददाता**
पोखरा, २३ पुस

राष्ट्रिय सभा सदस्य निर्वाचन-२०८० मा गठबन्धनका उम्मेदवारलाई विजयी गराउन सोमबार नेपाली काँग्रेस गण्डकी प्रदेशको सभाहलमा वैठक सम्पन्न भएको छ।

वैठकले नेपाली काँग्रेसको नेतृत्व रहने नेपाली काँग्रेस गण्डकी प्रदेशको सभाहलमा सोमबार भएको ५ दलिय गठबन्धनको वैठकबाट मूल आयोजक समिति र उपसमितिहरु गठन गरिएको नेपाली काँग्रेस गण्डकी प्रदेशका प्रवक्ता माधव प्रसाद बाँस्तोला (मधु)ले जानकारी गराउनुभयो।

प्रवक्ता बाँस्तोलाका अनुसार नेपाली काँग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माको संयोजकत्वमा निर्वाचन मूल समिति गठन भएको छ। जसको सदस्यहरुमा नेकपा माओवादी केन्द्र गण्डकी प्रदेशका अध्यक्ष गायत्री गुरुङ, नेकपा एकीकृत समाजवादी गण्डकीका अध्यक्ष श्रीनाथ बराल, राष्ट्रिय जनमोर्चा गण्डकीका अध्यक्ष शंकर बराल, नेपाल समाजवादी पार्टी गण्डकी प्रदेशका अध्यक्ष किरण थापा, जनता समाजवादी पार्टी गण्डकी प्रदेशका अध्यक्ष गोपाल गुरुङ र संसदीय दलका नेताहरु पदेन सदस्य रहने निर्णय भएको बताउनुभयो । त्यसैगरी नेपाली काँग्रेस गण्डकी प्रदेशका महामन्त्री विष्णुप्रसाद लामिछानेकोको संयोजकत्वमा निर्वाचन व्यवस्थापन उपसमिति गठन भएको छ । जसको सदस्यहरुमा काँग्रेसको तर्फबाट माधवप्रसाद बास्तोला (मधु), नन्दप्रसाद न्यौपाने, माओवादीको तर्फबाट गुणाखर बस्याल, जगन्नाथ खनाल, कुशुम बुढा, नेकपा एकीकृत समाजवादीका तर्फ कृष्ण बहादुर नेपाली, राष्ट्रिय जनमोर्चाका तर्फबाट रविमोहन ढकाल र नेपाल समाजवादी पार्टीका तर्फबाट चित्र सापकोटा रहनुभएको छ।

वैठकले आगामी माघ ११ गते हुने राष्ट्रिय सभाको निर्वाचनको प्रचार प्रसार गर्नका लागि जिल्ला जिल्लामा जाने निर्णय समेत गरेको प्रवक्ता बाँस्तोलाले बताउनुभयो । त्यसैगरी राष्ट्रिय सभा सदस्य निर्वाचन-२०८० मा गठबन्धनका तर्फबाट नेपाली काँग्रेसका २ जना र नेकपा माओवादीको तर्फबाट १ जना उम्मेदवारले सोमबार मनोनयन दर्ता गरेका हुन् । जसमा नेपाली काँग्रेसको तर्फबाट अन्यमा किरणबाबु श्रेष्ठ, अल्पसंख्यक वा अपाङ्गतामा पदमबहादुर परियार र माओवादीको तर्फबाट महिलामा मनरुपा शर्माको उम्मेदवारी दर्ता भएको नेपाली काग्रेस गण्डकी प्रदेश सूचना सञ्चार तथा प्रचार-प्रसार विभागका उपप्रमुख शिरोमणी बरालले बताउनुभयो । वैठकमा नेकपा माओवादी केन्द्रका केन्द्रीय सचिव देवेन्द्र पौडेल, एकीकृत समाजवादी गण्डकी प्रदेशका स्थायी कमिटी इन्चार्ज तुलबहादुर गुरुङ लगायतको उपस्थिति रहेको थियो। यसैगरी गण्डकीमा सत्तागठबन्धमा रहेका नेपाली कांग्रेस तथा नेकपा (माओवादी केन्द्र), नेकपा (एमाले) र राष्ट्रिय प्रजातन्त्र पार्टीले उम्मेदवारी दर्ता गराएका हुन्। सत्तागठबन्धनबाट अन्य समूहमा नेपाली कांग्रेसका किरणबाबु श्रेष्ठ (गोरखा), महिलातर्फ नेकपा (माओवादी केन्द्र)का मनरुपा शर्मा(पर्वत) र अपाङ्गता/अल्पसङ्ख्यक समूहमा नेपाली कांग्रेसका पदमबहादुर परियार (तनहुँ)ले मनोनयन दर्ता गराउनुभएको छ।

नेकपा (एमाले)का तर्फबाट अन्य समूहमा चक्रबहादुर पराजुली (स्याङ्जा), अपाङ्गता/अल्पसङ्ख्यकमा हेमन्त शेरचन (मुस्ताङ) र महिलामा सम्झना देवकोटा (गोरखा)ले उम्मेदवारी दर्ता गराउनुभएको छ । यसैगरी, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट पनि दुई पदका लागि उम्मेदवारी मनोनयन दर्ता भएको छ । अन्य समूहमा कास्कीका रोमबहादुर भण्डारी र महिलामा तनहुँकी गौमाया श्रेष्ठले उम्मेदवारी दर्ता गराउनुभएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। आगामी माघ ११ गते हुने निर्वाचनमा गण्डकीमा अन्य, महिला र अपाङ्गता/अल्पसङ्ख्यक समूहबाट एक/एकजना निर्वाचित हुनुहुनेछ । राष्ट्रियसभाका अध्यक्षसमेत रहनुभएका गणेशप्रसाद तिमिल्सिना, राष्ट्रियसभा सदस्यद्वय दीपा गुरुङ र प्रकाश पन्थको कार्यकाल सकिन लागेकाले चुनाव हुन लागेको छ।

तिमिल्सिना अन्य, गुरुङ महिला र पन्थ अपाङ्गता/अल्पसङ्ख्यक समूहबाट निर्वाचित हुनुभएको थियो । अध्यक्ष तिमिल्सिना र गुरुङ नेकपा (एमाले) र पन्थ कांग्रेसबाट राष्ट्रियसभामा निर्वाचित हुनुभएको थियो । गण्डकी प्रदेशमा प्रदेशसभाका ६० र स्थानीयतहका प्रमुख/उपप्रमुख एक सय ७० गरी दुई सय ३० जना मतदाता छन्।

निर्वाचनमा प्रदेशसभा सदस्यको ५३ र स्थानीय तहका प्रमुख तथा उपप्रमुखको १९ मतभार तोकिएको निर्वाचन कार्यालयले जनाएको छ। प्रदेशसभातर्फ तीन हजार एक सय ८० र स्थानीय तहतर्फ तीन हजार दुई सय ३० गरी कूल छ हजार चार सय १० मतभार छ।

## पोखरामा छोडिएका गाईको संरक्षण गर्न महायज्ञ हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २३ पुस

पोखरा महानगरपालिकाको सहजीकरणमा राष्ट्रिय परोपकार महासंघ नेपालको आयोजनामा यही पुष २६ गतेदेखि पोखरामा महायज्ञ हुने भएको छ । आउदो माघ ४ गतेसम्म पोखरा-१४, वाच्छिबुडुवामा श्रीमद भागवत ज्ञान महायज्ञ-२०८० हुने भएको सोमबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो।

पोखराका सडक क्षेत्रमा छाडिएका गाईहरुको दिगो रुपमा व्यबस्थापन गर्न अक्षयकोष स्थापना गर्न पनि महायज्ञ आयोजना गर्ने तयारी गरिएको महासंघका संस्थापक अध्यक्ष एवं महायज्ञका मुख्य वक्ता भागवत भास्कर पण्डित कमलनयन गौतमले बताउनुभयो। राष्ट्रिय परोपकार महासंघ नेपालको १६ औं वार्षिक उत्सवको अवसरमा गाइ संरक्षण तथा गाई पाठशाला निर्माण गर्ने उद्देश्यले उक्त महायज्ञ आयोजना हुने भएको उहाँले जनाउनुभयो। गत चैतदेखि पोखराको पुरानो ल्याण्डफिल्ड साइडमा गौमाता (गाई) संरक्षण अभियान महासंघले सुरु गरेसंगै हालसम्म करिब २ करोडको लगानी भएको छ। हाल व्यबस्थित ३ सय क्षमताको गाई गोठ तयार भएको बताउदै पण्डित गौतमले गाईको महत्व बुझाउदै गाईको अनुसन्धान केन्द्र अर्थात गाईपाठशाला समेत बनाउने आफुहरुको योजना रहेको सुनाउनु भयो। उक्त परियोजानमा हाल वाच्छावाच्छी सहित १ सय ५० वटा गाई रहेको संस्थापक अध्यक्ष गौतमले बताउनु भयो। हाल दैनिक ५० लिटर गाईको दुध समेत उत्पादन हुने गरेको उहाँले बताउनु भयो। गाइको मल मुत्रलाई प्रशोधन गरी बजारमा अर्गानीक कृषि उत्पादनका लागि मल समेत उत्पादन गर्ने योजना रहेको समितिका जेबी कुवंरले बताउनु भयो। सो क्षेत्रमा साना तथा ठुला गाई गोठ निर्माण भएको छ भने डाले घाँसका करिब २ सय वटा बिरुवा समेत रोपिएको छ । जनशक्ति अभावले गर्दा अझ गाई बस्तुलाई प्रयाप्त मात्रमा हरियो घाँस खुवाउन नसकिएको समितिले जनाएको छ। गत बर्ष पोखरा महानगरले उक्त अभियानका लागि छाडा चौपाय संरक्षण गर्न ५० लाख विनियोजन गरेको पोखरा महानगरका प्रवक्ता मोतिराम तिम्सिनाले बताउनुभयो। महासंघले सुरु गरेको अभियानले गर्दा पोखराका सडकमा दुर्घटना हुने गरी छाडा छोडिएका गाई बस्तु हाल पोखराको सडकमा खासै नभएको उहाँले दाबी गर्नु भयो। पोखराका सडकमा देखिएका गाई सहितका छाडा चौपायलाई हाल पुष्करिणी परोपकार गोकुलधाममा व्यबस्थापन गरिने भएको छ। पोखराको सडकमा यसरी छाडा गाई बस्तु छाडा छोड्दा पटक पटक सडक दुर्घटना हुने गाई बस्तु कहिले मर्ने त कहिले घाइते हुने समस्या हाल केही कम भएको प्रहरीले जनाएको छ।

## राष्ट्रियसभा सदस्य निर्वाचनमा ५२ जना उम्मेदवारको दर्ता

**रासस**
काठमाडौं, २३ पुस

आगामी माघ ११ गते हुन लागेको राष्ट्रियसभा सदस्यको निर्वाचनका लागि सोमबार सातै प्रदेशका सम्बन्धित निर्वाचन कार्यालयमा विभिन्न समूहका लागि ५२ उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ।

कूल १९ सिटका लागि हुने निर्वाचनमा सातै प्रदेशमा महिला समूहतर्फ १७, दलित समूहतर्फ छ, अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायतर्फ आठ, र अन्य समूहतर्फ २१ गरी जम्मा ५२ उम्मेदवारको मनोनयनपत्र दर्ता भएको निर्वाचन आयोगले जनाएको छ । सोमबार बिहान १० बजेदेखि अपराह्न ३ बजेसम्म सातवटै प्रदेशको निर्वाचन अधिकृतको कार्यालयमा शान्ति पूर्णरूपमा उम्मेदवारको मनोनयनपत्र दर्ता भएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौड्यालले जानकारी दिनुभयो।

आयोगका अनुसार कोशी प्रदेशमा महिला समूहका लागि दुई राजनीतिक दलका तर्फबाट र अन्य समूहका लागि तीन राजनीतिक दलका तर्फबाट जम्मा पाँच, मधेस प्रदेशमा महिला समूहका लागि दुई राजनीतिक दलका तर्फबाट र अन्य समूहका लागि तीन राजनीतिक दलका तर्फबाट पाँच उम्मेदवारको मनोनयन पत्र दर्ता भएको छ । बागमती प्रदेशमा महिला समूहका लागि चार राजनीतिक दलका तर्फबाट, दलित समूहका लागि तीन राजनीतिक दलका तर्फबाट, अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायका लागि चार राजनीतिक दलका तर्फबाट र अन्य समूहका लागि चार राजनीतिक दलका तर्फबाट जम्मा १५ उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ।

गण्डकी प्रदेशमा महिला समूहका लागि तीन राजनीतिक दलका तर्फबाट, अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायका लागि दुई राजनीतिक दलका तर्फबाट र अन्य समूहका लागि तीन राजनीतिक दलका तर्फबाट आठ उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ।

लुम्बिनी प्रदेशमा महिला समूहका लागि तीन राजनीतिक दलका तर्फबाट र अन्य समूहका लागि चार राजनीतिक दलका तर्फबाट सात उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ । कर्णाली प्रदेशमा महिला समूहका लागि दुई राजनीतिक दलका तर्फबाट, दलित समूहका लागि दुई राजनीतिक दलका तर्फबाट र अन्य समूहका लागि दुई राजनीतिक दलका तर्फबाट छ उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ।

सुदूरपश्चिम प्रदेशमा महिला समूहका लागि तीन राजनीतिक दलका तर्फबाट, अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्याक समुदायका लागि दुई राजनीतिक दलका तर्फबाट र अन्य समूहका लागि दुई राजनीतिक दलका तर्फबाट छ उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ।

स्वीकृत निर्वाचन कार्यक्रमअनुसार यही पुस २४ गते उम्मेदवारको विरोधमा उजुरी दिने, पुस २५ र २६ गते मनोनयनपत्र र उजुरीमाथि जाँचबुझ गरी नामावली प्रकाशित गर्ने, पुस २७ गते उम्मेदवारले नाम फिर्ता लिने तथा अन्तिम नामावली प्रकाशन गर्ने र पुस २८ गते उम्मेदवारलाई निर्वाचन चिह्न वितरण हुने कार्यसूची छ।

## पोखरा उपत्यकामा पुस २५ र २६ गते जलपन्छी गणना

**पोखरापत्र संवाददाता**
पोखरा, २३ पुस

पोखरामा यही पुस २५ र २६ गते हिउँदे आगन्तुक तथा पानीमा आश्रित पन्छीको गणना गरिने भएको छ। समसार, तालतलैया, नदीनालामा आश्रित जलपन्छीको अवस्था, हिउँदे आगन्तुक जलपन्छीको तथ्याङ्क सङ्कलन गर्ने उद्देश्यले पन्छी गणना गरिने भएको हो।

पानीमा आश्रित तथा हिउँदे आगन्तुक जलपन्छीको सङ्ख्या र तिनका विभिन्न प्रजातिको विवरण पत्तालगाइ स्थानीय समुदाय र सरोकारवाला निकायको सहभागितामा सचेतना अभिवृद्धि गर्ने उद्देश्यका साथ जलपन्छी गणना गर्न लागिएको पोखरा उपत्यका क्षेत्रीय संयोजक एवं पोखरा पन्छी समाजका अध्यक्ष मनशान्त घिमिरेले जानकारी दिनुभयो। उहाँका अनुसार नेपालमा सन् १९८७ देखि जलपन्छी गणना सुरु गरिएको हो। सन् २००४ देखि पोखरा उपत्यकामा टाइगर माउन्टेन पोखरा लजको अगुवाइमा जलपन्छी गणना गरिँदै आइएकामा सन् २००७ देखि पथप्रदर्शकको सहभागितामा नेपाल पन्छी संरक्षण सङ्घअन्तर्गत वन विज्ञान अध्ययन संस्थान पोखरा क्याम्पसका विद्यार्थी र सन् २०१५ देखि पोखरा पन्छी समाजको प्रत्यक्ष संलग्नता गणना थालिएको घिमिरेले बताउनुभयो। उपत्यकाले जलपन्छी गणनाको २०औँ वर्षमा प्रवेश गरेको भन्दै पछिल्लो समय जलपन्छीको सङ्ख्या तथा प्रजातिमा धेरै हेरफेर रहेको लजका नेचुरलिस्ट झलक चौधरीले बताउनुभयो । उहाँका अनुसार विश्वमै दुर्लभ रहेका ४२ प्रजातिका पन्छीमध्ये १३ जलपन्छी रहेका छन्।

पूर्वमेचीदेखि पश्चिम महाकालीसम्मका ५० भन्दाबढी स्थानमा जनवरीको पहिलो हप्तादेखि तेस्रो हप्तासम्म जलपन्छीको गणना गरिने एशियन वाटरफल सेन्ससका नेपाल प्रतिनिधि डा हेमसागर बरालले जानकारी दिनुभयो। पोखरा उपत्यकामा गरिने गणना पुस २५ गते कमलपोखरी, विजयपुर खोला, गुँदे, खास्टे, न्यूरेनी, दिपाङ, मैदी, बेगनाश र रुपाताल गरिने र २६ गते फेवाताल र सिमसार क्षेत्रमा गरिने समाजका अध्यक्ष घिमिरेले बताउनुभयो।


### चिसो मौसममा मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न

◆ चिसोमा बाहिर ननिस्कौ,
◆ धुम्रपान, मद्यपान नगरौं,
◆ रुघाखोकी लाग्नबाट बचौं,
◆ चिल्लो तथा बोसोयुक्त खानेकुरा सकेसम्म नखाऔं,
◆ शारीरिक व्यायमलाई निरन्तरता दिऔं,
◆ दम, हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाम, मधुमेहजस्ता समस्या भएका व्यक्तिले समय समयमा स्वास्थ्य परीक्षण गरौं।
◆ चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह बमोजिम गरौं,
◆ जाडोको जोखिमबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरा इन्जिनियरिङ कलेजमा बिईआईटी कार्यक्रमको अध्यापन सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २३ पुस



पोखरा इन्जिनियरिङ्ग कलेजले यसै शैक्षिक सत्र देखि Bachelor of Engineering in Information Technology (BEIT) कार्यक्रमको अध्यापन सुरु गरेको छ।

कार्यक्रममा भर्ना भएका विद्यार्थीहरुलाई यही पौष २३ गते कलेजले एक अभिमूखि कार्यक्रमको आयोजना गरेको छ । कलेजका प्रिन्सिपल ई. सोम गुरुङ्गको अध्यक्षता र राष्ट्रिय अविष्कार केन्द्र, गण्डकी प्रदेशका ICT & Electronics Innovation Lab का कार्यक्रम संयोजक ई. हरि बहादुर पहाडीको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा विद्यार्थीहरुलाई आइ टी विषयको महत्व बारे विभिन्न वक्ताहरुले प्रष्टाएका थिए। प्रमुख अतिथि पहाडीले पोखरा कलेजका उल्लेख्य विद्यार्थीहरुले आविष्कार केन्द्रमा विभिन्न तालिमहरु लिदै गरेको र कलेजसँग आविष्कार केन्द्र हातेमालो गरेर जान तयार रहेको पनि बताउनु भयो। उहाँले विश्व बजारमा अथाह सम्भावना बोकेको आइ टी क्षेत्रले वर्तमा समयमा देशलाई टुरिजमले भन्दा राम्रो आय दिएको बताउनु भयो । पोखरालाइ सिलिकन सिटीको रुपमा विकसित गेर्ने आविष्कार केन्द्रको सोच रहेकोले प्रविधिक संग जोडिएको रहेकले हस्तेमा हैंसे गर्नुपर्ने बताउनु भयो। विभागीय प्रमुख ई. सुरज बसन्त तुलाचन, परीक्षा प्रमुख ई सन्दिप गुप्ता र प्रशासन प्रमुख चिज काजी गुरुङ्गले पनि बोल्नु भएको थियो । कलेजका प्रिन्सिपल ई. सोम गुरुङ्गले बजारको माँग बमोजिमको प्राविधिक उत्पादन गर्न कलेज कटिबद्ध रहेको बताउदै आविष्कार केन्द्र संग सहकर्य गरेर जान कलेज तयार रहेको बताउनु भयो।

# प्रदेश खेलकुद परिषद गण्डकीद्वारा प्रशिक्षक, रेफ्रि र खेलाडीहरुको विमा

**पोखरापत्र संवाददाता**
पोखरा, २३ पुस

प्रदेश खेलकुद परिषद गण्डकीको कार्यकारी समितिले प्रशिक्षक, रेफ्रि र खेलाडीहरुको विमा, औषधपचार र छात्रवृतीको प्रस्ताव गरेको छ।

परिषदको समेबार बसेको कार्यकारी समितिको बैठकले उक्त प्रस्ताव गरिएको सदस्य सचिव श्रीधर शर्माले जनाएका हुन् । सदस्य सचिव शर्माका अनुसार परिषदको आह्वानमा सुचिकृत भएका ११ वटै जिल्लाका ५ सय ९४ जना प्रशिक्षक र रेफ्रिहरुको आकस्मिक विमा गर्ने निर्णय गरेको जानकारी दिंदै खेलाडीहरुको समेत आकस्मिक विमा र छात्रवृतिको व्यवस्था गर्ने कार्य प्रस्ताव अघि बढाउन लागिएको जानकारी दिएका छन् । बैठकको निर्णयका बारेमा जानकारी दिंदै सदस्य सचिव शर्माले परिषद संधै खेलाडी, प्रशिक्षक र रेफ्रिहरुको हितका पक्षमा उभिएको बताउँदै भने- "हामीले केही महिना सुचिकृतका लागि सूचना आह्वान गरेका थियौं । जिल्ला खेलकुदमार्फत सुचिकृत भएका सबैलाई हामीले आकस्मिक विमा प्रक्रियालाई अघि बढाउँदै छौं ।" परिषदमा सुचिकृत भएका रेफ्री तथा प्रशिक्षकहरुलाई दुर्घटना हुँदाको अवस्थामा आकशिमक विमा अन्तर्गत औषधी उपचार र क्षतीपुर्ती राहतका लागि बार्षिक बिमा गर्ने गराउने व्यवस्था तथा परिषद र जिल्ला खेलकुद विकास समितिबाट स्विकृति लिई गण्डकी प्रदेश अन्तर्गत पर्ने ११ वटै जिल्लामा राष्ट्रिय, प्रदेश, जिल्लास्तरीय वा अन्तर जिल्ला प्रदेशस्तरीय वा अन्तर प्रदेश राष्ट्रिय वा रा.खे.प.बाट आयोजित राष्ट्रिय प्रतियोगितामा सहभागी खेलाडीहरुको सामुहिक आकशिमक विमा गर्न लागिएको परिषदले जनाएको छ।

यसै गरी गण्डकी प्रदेशको तर्फबाट राष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका पूर्व तथा बर्तमान खेलाडीहरु, परिषदमा सुचिकृत रेफ्री, कोच (प्रशिक्षक) को स्वास्थ्य सेवा अन्तर्गत औषधी उपचार गर्नु परेमा संघिय, प्रादेशिक र स्थानीय तहका सरकारी अस्पतालहरुमा ओपिडी र आकशिमक सेवामा निशुल्क, शल्यक्रिया, ल्याव टेष्टलगायतका सेवामा ५० प्रतिशत छुट मिलाउन मन्त्रालयमा प्रस्ताव पेश गर्ने तथा निजी क्षेत्रका अस्पतालहरुमा ओपिडी र आकस्मिक सेवामा ५० र ल्यावटेष्ट शल्यक्रियामा २५ प्रतिशत छुट दिन मन्त्रालय र सम्वन्धित अस्पताललाई अुनरोध गर्ने गरी निर्णय भएको सदस्य सचिव शर्माले जनाएका छन् ।

उक्त बैठकले गण्डकी प्रदेश भित्र पर्ने साविक पश्चिमाञ्चल क्षेत्र र गण्डकी प्रदेशको तर्फबाट कम्तिमा राष्ट्रिय प्रतियोगिताहरुमा सहभागी पूर्व तथा वर्तमान खेलाडीहरु र उनीहरुका छोरा छोरी कक्षा ११, १२ र सो भन्दा माथि उच्च शिक्षासम्म अध्ययनका लागि सरकारी विद्यालय, क्याम्पस, विश्वविद्यालयमा मासिक शुल्क पुरै छुट तथा नीजि क्षेत्रका विद्यालय, क्याम्पस, विश्वविद्यालयतर्फ ५० प्रतिशत छुटको व्यवस्था मिलाउन मन्त्रालयमा अनुरोध साथ प्रस्ताव पेश गर्ने तथा सम्बन्धित पक्षहरुसंग समेत पहल गर्ने निर्णय समेत गरेको छ।

# पार्टीले मलाई न्याय गरेको अनुभूति भएको छ : सहिद पत्नी मनरुपा

**पोखरापत्र संवाददाता**
पोखरा, २२ पुस

विसं २०६४ को संविधानसभा चुनावमा नेपाली कांग्रेसका अर्जुनप्रसाद जोशीसँग झिनो मतले पराजित पर्वतकी मनरुपा शर्मा त्यसयताका हरेक चुनावमा समानुपातिकतर्फ बन्दसूचीमा परे पनि 'सांसद' बन्ने अवसर मिलेन।

नेकपा (माओवादी केन्द्र)ले विसं २०७० को दोस्रो संविधानसभा चुनाव, विसं २०७४ र विसं २०७९ को प्रदेशसभा चुनावमा उहाँलाई समानुपातिकतर्फ बन्दसूचीमा राखेको थियो । कुश्मा नगरपालिका-१० की शर्माको जनप्रतिनिधिका रुपमा संसद् छिर्ने सपना १६ वर्ष बित्दासमेत पूरा हुन सकेन । गत वर्षको चुनावमा शर्मा समानुपातिकबाट गण्डकी प्रदेशसभा सदस्य बन्ने चर्चा चले पनि पार्टीले अर्को जिल्लाबाट महिला उम्मेदवारलाई छनोट गरेको थियो । पटक-पटकको प्रयासका बाबजुत संसदीय यात्रा तय गर्न नसके पनि उहाँ निराश भने हुनुभएन । पार्टीले दिएको जिम्मेवारीमा सधैँ सक्रिय रहँदै आउनुभयो । विसं २०६० देखि पार्टी र सङ्गठनका विभिन्न जिम्मेवारी सम्हाल्दै हाल माओवादी केन्द्र पर्वतको जिल्ला संयोजक रहनुभएकी शर्मा यसपटक भने पार्टीले राष्ट्रियसभा सदस्यको उम्मेदवार बनाएको छ । सहिद परिवारकी उहाँ आसन्न राष्ट्रियसभा सदस्य चुनावमा गण्डकी प्रदेशबाट माओवादी केन्द्रको उम्मेदवार बन्नुभएको हो । "पार्टीले मलाई वास्तवमै न्याय गरेको अनुभूति भएको छ, आज म धेरै नै खुसी छ, म उम्मेदवार छनोट भएपछि जिल्ला तहका नेता, कार्यकर्ता पनि उत्साहित हुनुहुन्छ", उहाँले भन्नुभयो, "निर्वाचित भएर राष्ट्रियसभामा गए भने देश र जनताको हितमा काम गर्छु।"

कुनै राजकीय पदमा निर्वाचित नहुँदा पनि सधैँ जनताको बीचमा बसेर सामाजिक सेवा र राजनीतिमा खटिएको उहाँले उल्लेख गर्नुभयो। उहाँले एक त महिला अर्कातिर सहिद परिवारको सदस्यका हिसाबले राष्ट्रियसभामा उम्मेदवार बन्न पाउनु आफ्ना लागि गौरवको विषय भएको बताउनुभयो । "अहिलेको सत्ता गठबन्धनका तर्फबाट उम्मेदवार बनेकाले चुनावको परिणाम आफ्नो पक्षमा आउनेमा विश्वस्त छु", उहाँले भन्नुभयो, "हिजो जनयुद्धका कठिन र सङ्घर्षपूर्ण दिनमा जसरी समाज रुपान्तरणको अभियानमा लागियो, अब त्यस्तै ऊर्जाका साथ नयाँ भूमिकामा आफूलाई उभ्याउने प्रण गरेकी छु।" शर्माका पती विजय सुवेदी 'विकास'को तत्कालीन जनयुद्धका क्रममा विसं २०६१ मङ्सिर १७ गते हत्या भएको थियो । सुवेदी तत्कालीन माओवादीको सांस्कृतिक फाँटमा क्रियाशील हुनुहुन्थ्यो । ४३ वर्षीया शर्मा यसअघि अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीको जिल्ला अध्यक्ष हुँदै पार्टीको जिल्ला तहको नेतृत्वमा आउनुभएको हो । उहाँ २०७४ अघि माओवादी केन्द्रको केन्द्रीय महाधिवेशन आयोजक कमिटिको सदस्यसमेत हुनुभएको थियो । गण्डकी प्रदेशबाट निर्वाचित हुने तीन राष्ट्रियसभा सदस्यमध्ये सत्ता गठबन्धनबीच भएको सहमति अनुसार माओवादी केन्द्रले महिला 'कलस्टर'बाट शर्मालाई उम्मेदवार बनाएको सो पार्टीका गण्डकी प्रदेश इञ्चार्ज देवेन्द्र पौडेलले जानकारी दिनुभयो।

राजनीतिक सङ्घर्ष र सङ्गठन निर्माणमा पुऱ्याएको योगदानलाई हेरेर शर्मालाई उम्मेदवार बनाइएको उहाँले बताउनुभयो । सत्ता गठबन्धनमा आबद्ध दलको मतभारलाई हेर्दा शर्माको जित सुनिश्चितजस्तै रहेको इञ्चार्ज पौडेलले उल्लेख गर्नुभयो। राष्ट्रियसभामा गण्डकीबाट प्रतिनिधित्व गर्ने तीन सदस्यको कार्यकाल आउँदो फागुन २० गते सकिने भएपछि सो पदमा चुनाव हुन लागेको हो । तीसमध्ये महिलातर्फ सत्ता गठबन्धनबाट माओवादी केन्द्रले शर्मालाई उम्मेदवार बनाएको हो।

# नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघको केन्द्रीय र गण्डकी प्रदेशको नेतृत्वका लागि उम्मेदवारी घोषणा

**पोखरापत्र संवाददाता**
पोखरा, २३ पुस




नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघको काठमाडौंमा हुने सातौं महाधिवेशन तथा महासंघ गण्डकी प्रदेशको तेश्रो अधिवेशनका लागि कास्कीबाट विभिन्न उम्मेदवारहरुले उम्मेदवारी घोषणा गरेका छन् ।


महासंघ कास्की शाखाले सोमबार पोखरामा आयोजना गरेको उम्मेदवारी घोषणा कार्यक्रमम महासंघको केन्द्रीय अध्यक्षका लागि ऋषिराम शर्मा, सचिवमा मोहनप्रसाद सापकोटा र गण्डकी प्रदेशको अध्यक्षमा कृष्णप्रसाद पोखरेलले उम्मेदवारी घोषणा गरेका हुन् । केन्द्रीय अध्यक्षका आकांक्षी शर्माले आगामी फाल्गुन १८ र १९ गते काठमाडौंमा हुने सातौं महाधिवेशन आफु अध्यक्षका लागि योग्य उम्मेदवार भएकोले दावि पेश गरेको बताए । शर्मा महासंघको स्थापनाकालबाटै जोडिएका हुन् । विधान मस्यौदा समिति सदस्य, पटक पटक केन्द्रीय सदस्य, सचिव, उपाध्यक्ष, जिल्ला अध्यक्ष तथा गण्डकीको संस्थापक अध्यक्षका रुपमा काम गरिसकेका छन् । शर्माले महासंघको नेतृत्वमा रहेर उत्पादक, प्रकाशक, वितरक, थोक विक्रेता, खुद्रा विक्रेता, उपभोक्ता, विद्यार्थी, अभिभावक लगायत सम्पूर्णका हकाधिकारलाई सुनिश्चित गर्नका लागि योजनाबद्ध काम गर्ने बताए । उनले भने, हाल पठनपाठनको संस्कृतिमा भईरहेको ह्रासलाई माथि उठाउने, जगेर्ना गर्ने, बिसंतीका विरुद्ध लड्ने, व्यवहारिक तथा व्यावसायीक क्षेत्रको उत्थानका लागि काम गर्नेछु । शर्माले देशको आवश्यक्ता अनुसारको जनशक्ति निर्माणमा देखिएका कमजोरीहरुलाई राज्यको नीति निर्माण तहमा पुर्याउने र समाधान लागि शसक्त रुपले अगाडी बढ्ने देढता व्यक्त गरे। शर्मा कास्कीका बासिन्दा हुन्। उनले बितेका तीन दशकदेखि मनकामना बुक्स एण्ड स्टेशनरी पोखरा ९ मा संचालन गर्दै आएका छन्। केन्द्रीय सचिव पदका उम्मेदवार मोहनप्रसाद सापकोटाले २०६५ सालमा व्यवसाय शुरु गरेका हुन्। उनले जनसेवा सप्लायर्स मार्फत पुस्तक तथा स्टेशनरी विक्री वितरणको काम गर्दै आएका छन् । सापकोटासंग नवौ अधिवेशनबाट अध्यक्ष भई जिल्लाको नेतृत्व गरिसकेको अनुभव रहेको छ।

उनले सम्पूर्ण व्यवसायीलाई अँझ महासंघप्रति भरोसा जगाउने खालको का मगर्ने इच्छा जाहेर गरेका छन्। उनले व्यवसायीका समस्यालाई छलफल गरेर समाधान गर्ने र अभियानकै रुपमा सार्थक तुल्याउन महासंघको केन्द्रीय सचिवका लागि उम्मेदवारी घोषणा गरेको बताए। स्टेशनरी र खेलकुदका समस्या ओझेलमा परेकाले समाधानका उपाए खोज्ने, मसलन्द उप्पादकसंग सहकार्य गर्ने, राज्यले बनाउने नीति निर्माणमा महासंघको बलियो उपस्थिति गराउन आवाज उठाउने उनका योजना रहेका छन्। सो अवसरमा सापकोटाले व्यवसायीलाई करमैत्री व्यवसाय गर्न प्रशिक्षण् दिने र राज्यका नीति नियमहरुलाई व्यवसायीमाझ पुर्याउने, महासंघका छाताभित्र नरहेका अधिकांश उत्पादक, वितरक रर खुद्रा व्यवसायीलाई महासंघका आवद्ध गराउने इच्छा प्रस्तुत गरेका छन्। महासंघको यही माघ २० गते पोखरामा हुने गण्डकी प्रदेशको तेश्रो अधिवेशनका लागि अध्यक्षको उम्मेदवारी घोषणा गरेका कृष्णप्रसाद पोखरेलले "गुणस्तरिय उत्पादन, मर्यादित व्यापार, नीति निर्माणमा पहुँच, सांगठनिक आधार" भन्ने मूलमन्त्रलाई आत्मसाथ गर्दै स्थापना भएको महासंघको गमिालाई अँझ उच्च राख्ने उम्मेदवारी घोषणा गरेको बताए। पोखरेलले स्टेशनरी तथा पुस्तक व्यवसायलाई मर्यादित बनाउदै संगठन बिस्तारमा जोड दिएका छन् । उनले सो अवसरमा स्टेशनरी तथा पुस्तक व्यवसयी बिचको सम्बन्धलाई प्रगाढ बनाउन, समस्याहरुको समानका लागि आवश्यक नीतिहरुको निर्माण र कार्यान्वयनमा जोड दिएका छन् । उनले गण्डकी प्रदेशभित्रका पुस्तक तथा स्टेशनरी व्यवसायीहरुबीच समन्वय गेर गण्डकी प्रदेशलाई व्यावसायीक दृश्टिकोणल उत्कृष्ट बनाउने इच्छा प्रकट गरेका छन् । महासंघ कास्की अध्यक्ष कविन्द्रप्रसाद पोखरेलको अध्यक्षतामा भएको कार्यक्रम सचिव संजय आचार्यले संचालन गरेका थिए । २०६२ सालमा स्थापना भएको महासंघमा करिब १५ हजार व्यवसायी आवद्ध भएका छन् भने धेरै आवद्ध हुन बाँकी रहेका छन्। यसका ७२ जिल्लामा संगठन बिस्तार भईसकेका छन्।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

### सुक्तिसुधा

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवासदन हो । - लियो टोल्सटोय

## सम्पादकीय

# बंगलादेशको नाटकीय चुनाव

विवाद र प्रतिपक्ष दलको बहिष्कारबीच बंगलादेशमा भएको संसदीय चुनावमा वर्तमान प्रधानमन्त्री शेख हसिना चौथो पटक लगातार विजयी भएकी छिन् । हसिनाको अवामी लिगले २२३ सिटमा जित हात पारेको छ। आइतबार २९९ मा निर्वाचन क्षेत्रमा चुनाव भएको थियो । बंगलादेशी जातीय संसद्मा ३५० सांसद हुन्छन् । बाँकी ५० सिट भने महिलाका लागि आरक्षण छुट्याइएको छ। एक निर्वाचन क्षेत्रमा स्वतन्त्र उमेदवारको मृत्युका कारण चुनाव स्थगित भएको छ । अवामी लिगपछि स्वतन्त्र उम्मेदवारहरूले धेरै ठाउँमा जित हात पारेका छन् । जितसँगै हसिना पुनः एक कार्यकालका लागि बंगलादेशको प्रधानमन्त्री बन्ने भएकी छिन् । शेख हसिनाको यो पाँचौं कार्यकाल हुनेछ ।

उनी पहिलो पटक सन् १९९६ मा बंगलादेशको प्रधानमन्त्री बनेकी थिइन् । त्यसपछि २००९ मा उनी पुनः प्रधानमन्त्री बनिन् । त्यसयता लगातार उनी बंगलादेशी सत्तामा रहेकी छिन् । स्वतन्त्र उम्मेदवारहरू ६१ क्षेत्रमा विजयी हुँदा बंगलादेशी संसद्मा प्रमुख प्रतिपक्षी दलका रूपमा रहेको जातीय पार्टीले ११ सिटमा जित हात पारेको छ। यसअघि २०१८ मा भएको चुनावमा अवामी लिग २५८ सिट र जातीय पार्टी २७ सिटमा विजयी भएको थियो । बंगलादेशको प्रमुख प्रतिपक्ष दल बंगलादेश नेसनलिस्ट पार्टी(बीएनपी)ले चुनाव बहिष्कार गरेको थियो। बीएनपीले धाँधलीपूर्ण तरिकाले गरिएको चुनाव मान्य नहुने बताएको छ। हसिना नेतृत्वको सरकारले चुनावअघि नै बीएनपीका हजारौं कार्यकर्तालाई पक्राउ गरेको थियो । आइतबार भएको निर्वाचनमा मतदान पनि न्यून भएको छ। बंगलादेशका निर्वाचन अधिकारीहरूले नै करिब ४० प्रतिशत मत खसेको बताएका छन् । ४० प्रतिशत मतदाताले भाग लिएको चुनावले शेख हसिनालाई सत्तामा पुर्याएपनि ६० प्रतिशतले भाग नलिएको निर्वाचन कति लोकतान्त्रिक होला? प्रश्न खडा गरेको छ ।

हसिना नेतृत्वमा बंगलादेशमा पछिल्ला वर्षमा अधिनायकवाद हाबी भएको छ। पूर्वप्रधानमन्त्री तथा बीएनपी नेतृ खालिदा जियामाथि भ्रष्टाचारको अभियोग लगाइएको छ । बिरामी अवस्थामा रहेकी उनी हाल निवासमा नजरबन्दमा छन् भने उनको दलका कार्यकर्तामाथि मुद्दा लगाइएको छ। स्वतन्त्र पत्रकार र नागरिक समाजका प्रतिनिधिमाथि प्रतिशोधपूर्ण रूपमा कारबाही गर्ने गरिएको अखवारहरुले जनाएका छन। अहिले भएको चुनाव हसिनालाई तानाशाह बन्ने बाटो मात्र हुन सक्छ।विपक्षीलाई थुनेर ,सत्ताको दुरुपयोग गरेर सत्तामा पुगेपनि लोकतान्त्रिक आचरण र विधि अबलम्बन गरिएको छैन भने जनताले मान्न बाध्य हुने छैनन् । केवल औपचारिकताका लागि मात्र गराइएको चुनावले शासक र धनी वर्गलाई अझ शक्तिशाली बनाउने छातिनीहरू साँच्चै नै जनताका प्रतिनिधि हुन् भनेर विश्वले पत्याउने आधार देखिदैन ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : कार्यमा सफलतामन |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : चञ्चल |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : झमेला बढ्ने | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# सूर्यज्योति लाईफ ईन्स्योरेन्सद्धारा दाबी भुक्तानी

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २३ पुस

सूर्यज्योति लाईफ ईन्स्योरेन्स कम्पनी लि. पुतलीबजार शाखाले घातक रोग बिरुद्धको दाबी भुक्तानी गरेको छ।

स्याङ्जाको पुतलीबजार नगरपालिका वडा नं. ११ जैसीडाँडाका कुञ्जन अर्यालको जीवन बीमा गरेको झण्डै ३ वर्षपछि उनकी आमा जमुना आचार्य अर्याललाई स्तन क्यान्सर भएपछि कम्पनीले घातक रोग बिरुद्धको दाबी भुक्तानी गरेको हो । कम्पनीका पुलतीबजार शाखा प्रमुख सुजन पोखरेलले बीमितकी आमा जमुनालाई ९ लाख ५० हजार ५ सय ७६ रुपैयाँ बराबरको चेक हस्तान्तरण गरेका छन् । आमा जमुनाले छोरा कुञ्जनको १० लाख बराबरको सूर्यज्योति सुनौलो भविश्य बाल जीवन बीमा गरेकी थिईन् । बीमितकी आमा जमुनाले ईन्स्योरेन्स कम्पनीले दिएको रकमबाट उपचार खर्चमा सहजता ल्याएको बताईन् । रोग र आर्थिक क्षति बिरुद्ध बीमा कम्पनीले पुर्‍याउने योगदानको कदर गर्दै बीमा अभिकर्ता भएर काम थाल्नृ समेत उनले सुनाईन् ।

आमा जमुनाको स्तन क्यान्सर भएपछि उनका पिता ख्यामराज अर्यालले कम्पनीले हालसालै जारी गरेको “सूर्यज्योति सहि प्लान” अर्न्तगत १५ लाख बरारबको आजीवन बीमा गरेका छन् । उक्त बीमा पोलिसी कम्पनीका पुतलीबजार शाखा अप्रेशन बिभागका कर्मचारी निशा बस्यालले हस्तान्तरण गरेकी थिईन् । झण्डै ३ वर्ष अघिदेखि पुतलीबजार शाखा संचालनमा ल्याएको सूर्यज्योति लाईफ ईन्स्योरेन्स कम्पनीले घातक रोग बिरुद्धको पहिलो दाबी भुक्तानी गरेको छ । कम्पनीको पुतलीबजार शाखामा झण्डै १ हजार जनाले विभिन्न योजनाका जीवन बीमा गरेको शाखाले जनाएको छ।

# म्याग्दीको राखुगाउँबाट डेढ करोडको सुन्तला बिक्री

**पोखरापत्र संवाददाता**
पोखरा, २३ पुस

म्याग्दीको बेनी नगरपालिका-३, भकिम्ली राखुगाउँका कृषकले सुन्तला बिक्री गरेर रु डेढ करोडभन्दा बढी रकम गाउँमा भित्र्याउन सफल भएका छन् । यस वर्ष जिल्लामा समग्रमा सुन्तलाको उत्पादन घटेको जनाइएको छ।

राखुगाउँका एउटै किसानले रु पाँच लाखदेखि रु नौ लाखसम्म सुन्तला बिक्री गरेर आम्दानी गरेका छन् । राखुकी मनकुमारी पुनले यस वर्ष रु नौ लाखको सुन्तला बिक्री भएको बताउनुभयो । उहाँले विगत डेढ दशकदेखि नर्सरी स्थापना गरी सुन्तलाको बिरुवा उत्पादन गर्दै आउनुभएको छ।

अगुवा कृषक पुनले यस वर्ष अन्यत्र जिल्लाबाट आएका व्यापारीलाई बोटबाटै सुन्तला बिक्री गरेको बताउनुभयो। सुन्तला उत्पादनका लागि जिल्लामै प्रख्यात मानिने तल्लो र माथिल्लो राखुमा रहेका ६५ घरधुरीले यस वर्ष करिब डेढ करोडको सुन्तला फलाएको अर्का अगुवा कृषक खिम पुनले जानकारी दिनुभयो । सो गाउँका कृषकले न्यूनतम ३० हजारदेखि नौ लाखसम्मको सुन्तला उत्पादन गरेका छन्।

यस वर्ष नयाँ बोटले समेत फल दिएकाले आम्दानी बढेको सुन्तला जोन कार्यक्रमका संयोजकसमेत रहेका खिम पुनले जानकारी दिनुभयो । “उत्पादन घटे पनि आम्दानी घटेको छैन, सुन्तला खेतीमा लागेका कृषकले घरआँगनमै लाखौं कमाएका छन्”, उहाँले भन्नुभयो। राखुबाट सुन्तला खरिद गरी सुर्केमेलाको सडकमा ग्रेडिङ गरी काठमाडौं पठाउन लागेका कृषक पुनले जिल्लामा सबैभन्दा धेरै सुन्तला उत्पादन हुने राखु क्षेत्रको सुन्तला खरिदमा व्यापारीले प्रतिस्पर्धा गर्दा किसानले उचित मूल्यसमेत पाएको बताउनुभयो। यहाँका सुन्तला यस वर्ष काठमाडौंका व्यापारीले बोटबाट नै खरिद गरेका उहाँले जानकारी दिनुभयो।

राखुमा कुलबहादुर गर्बुजा, जशीकला रोका, भीमकुमारी घर्ती, खिरमती राना, थबहादुर पुन, जसबहादुर घर्ती मगरलगायते सात लाखभन्दा बढीको सुन्तला फलाउनुभएको छ भने सुन्तला बिक्री गरेर रु चार लाखभन्दा धेरै कमाउने कृषकको सङ्ख्या हरेक वर्ष बढ्दै गएको छ । परम्परागत खेतीबाली लगाउन छाडेर व्यावसायिक सुन्तला खेती गर्दै आइरहेका राखुका राजेन्द्र रोका र मनबहादुर बुढाथोकीले यस वर्ष नयाँ बिरुवा थप्नुभएको छ। सुन्तला खेतीले कृषकको जीवनस्तरमा समेत परिवर्तन आएपछि गत वर्षदेखि गाउँभरि नै सुन्तलाका थप बिरुवा रोपिएको वडाध्यक्ष पदम पुनले बताउनुभयो । हरेक वर्ष नयाँ बिरुवा वितरण, कृषि ज्ञान केन्द्रसहित विभिन्न निकायबाट समेत प्रोत्साहनका साथै कृषक आफ्नै अगुवाइमा समेत सुन्तलाको खेती विस्तारमा सक्रिय रहेको उहाँको भनाइ रहेको छ। सुन्तला खरिदका लागि ठूला ट्रक लिएर व्यापारी गाउँमा नै आएका छन् । टाढाटाढाबाट आउन थालेपछि सडकसमेत व्यवस्थित बनाइएको छ । अन्नबालीभन्दा सुन्तला खेती गर्दा नगद आम्दानी हुन थालेपछि राखुका स्थानीय सुन्तला खेतीतर्फ आकर्षित हुँदै गएपछि अहिले बाँझो जमिनसँगै घरआँगनसमेत सुन्तलाको लटरम्मै बोटले पहेलपुर भएको छ।

# पोखरा रंगशालाको फुटवल मैदानको दुवो मर्दै जादा कसैको चासो र चिन्ता छैन् !

**पोखरापत्र संवाददाता**
पोखरा, २३ पुस

पोखरा रंगशालाको फुटवल मैदानको दुवो मर्दै जादा कसैको चासो र चिन्क्ता भएको देखिदैन्।

पोखरा रंगशाला भित्रको सबै भन्दा बढी लगानी र आम्दानी हुने श्रोतको रुपमा रहेको उक्त फुटवल मैदान संरक्षणमा भने सरोकारवाला निकायले विभिन्न वहाना बाजी गर्दै तर्कीनु भएको छ।

अहिले हिउँदाको समय भएकोले नियमित कम्तिमा पनि हप्ता दिनमा पानी हाल्नु पर्नेमा यो वा त्यो वहानामा फुटवल मैदानको दुबो मर्दै जादा यस बिषयमा कसैले चासो र चिन्क्ता गरेको पाइएको छैन्। सरोकारवाला निकायका जिम्मेवार पदाधिकारीहरु विगत ६ महिना देखि पानी हाल्न नसकेको कारण देखाउदै उम्किन खोज्नु भएको छ।

पोखरा रंगशाला भित्र १ अर्ब २८ करोडको लागतमा सबै भन्दा ठुलो लगानीमा केही बर्ष अघि निर्माण गरिएको उक्त फुटवल स्टेडिएम अर्न्तगत फुटवल मैदानको समयमै संरक्षण गर्न नसक्नु निकै दुःख लाग्दो कुरा भएको फुटवल प्रेमीले गुनासो गर्नु भएको छ।

पोखरा फुटवल मैदानमा आफुहरु जानको लागि पनि चाबी अर्कोसंग माग्नुपने अबस्थाले गर्दा आफुहरुले चाहेर पनि अहिलेको अबस्थामा पोखरा फुटवल स्टेडिएम सहितको फुटवल मैदानको संरक्षणमा ध्यान दिन नसकेको अखिल नेपाल फुटवल संघ (एन्फा) कास्कीका अध्यक्ष उज्वल रञ्जितले बताउनु भयो। पोखरा रंगशाला भित्र सबैको आकषर्णको केन्द्रको रुपमा रहेको फुटवल स्टेडिएम सहितको फुटवल मैदान समयमै संरक्षण नहुदा आफुहरु समेत लज्जित भएको उहाँले जनाउनु भयो।

राखेप अर्न्तगत जिल्ला खेलकुद विकास समिति कास्कीको माताहातमा रहेको उक्त फुटवल मैदान संरक्षण गर्न पटक पटक आग्रह गर्दा खासै सुनुवाइ नभएको अध्यक्ष रञ्जितले उल्लेख गर्नु भयो। पोखरा रंगशालाको फुटवल मैदान संरक्षणको लागि समय समयमा पानी हाल्नु पर्नेमा करिब ६ महिना देखि मैदानको बारेमा कसैले पनि चासो नदेखाएको अध्यक्ष रञ्जितले बताउनु भयो।

यस बिषयमा जिल्ला खेलकुद विकास समिति कास्कीका कार्यालय प्रमुख सुन बहादुर लामाले उक्त फुटवल मैदानमा पानी हाल्ने मेसिल बिग्रिएका पानी हाल्न नसकेको बताउनु भयो । पोखरा रंगशालाको फुटवल मैदानमा भारत कोलकत्ताको बर्माडा ग्रास (दुबो) ल्याएर रोपे पनि हाल अधिकांश दुवो मर्न थालेको उहाँले बताउनु भयो।

जिल्ला खेलकुद विकास समिति कास्कीले उक्त फुटवल स्टेडिएम प्रयोग गरे वापत प्रति दीनको अन्तराष्ट्रिय फुटवल प्रतियोगिताको ५५ हजार, राष्ट्रिय स्तरको २५ हजार, प्रदेश स्तरको २० हजार र स्थानिय स्तरको १० हजार शुल्क निर्धारण गरिएको छ । दील बहादुर गुरुङको संयोजकत्वमा गठित समितिले रंगशालाको सरसफाई, फोहोर व्यबस्थापन, बत्ती, पानी, इन्टरनेट लगायतको व्यबस्थापनको लागि उक्त शुल्क निर्धारण गरेको हो।

१३ औं संस्करणको दक्षिण एसियाली खेलकुद (साग) अन्तर्गत पोखरामा भएको महिला फुटबल प्रतियोगिताको लागि लक्षित गरी उक्त फुटबल स्टेडियम निर्माण गरीएको हो।

# बागलुङ महोत्सवमा १० करोडको कारोबार

**पोखरापत्र संवाददाता**
बागलुङ, २३ पुस

बागलुङ उद्योग वाणिज्य सङ्घले आयोजना गरेको बागलुङ महोत्सवमा रु १० करोडको आर्थिक कारोबार भएको छ । यही पुस ११ देखि २२ गतेसम्म सञ्चालित बागलुङ महोत्सवमा आठ लाख दर्शकले मेला अवलोकन गरेको र रु १० करोडको कारोबार भएको महोत्सव मूल आयोजक समितिले जनाएको छ । सङ्घको आयोजनामा सम्पन्न भएको महोत्सवमा स्थानीय उत्पादनको बजारीकरण, पर्यटन प्रवर्द्धन र सांस्कृतिक सम्पदाको उजागर गरिएको सङ्घका अध्यक्ष नरेश कँडेलले जानकारी दिनुभयो । महोत्सवमा एक सय २० व्यापारिक कक्ष, स्थानीय उत्पादनको प्रदर्शनी र बिक्री कक्ष तथा लुकेर रहेका पर्यटकीयस्थल चिनाउन फोटो प्रदर्शनी गरिएको थियो।

महोत्सवमा घरेलु उत्पादन सिस्नोको पाउडर, बाँकोको गुन्द्रुक, भाँगो, टिमुर, आलु, भुटेको मकै, अल्लोबाट उत्पादन गरिएको कपडा बिक्री गरिएको थियो । महोत्सवमा स्थानीय उत्पादन मुला, फर्सी, टमाटरलगायत कृषिउपजको प्रदर्शनी गरिएको थियो । “महोत्सवले निरासातर्फ गएको बागलुङको व्यापारलाई माथि उठायो, धेरै व्यापारिक कक्ष खाली नै हुनेगरी व्यापार भयो, बागलुङ बजार आसपासका क्षेत्रका नागरिकसमेत किनमेलका लागि आउनुभयो”, अध्यक्ष कँडेलले भन्नुभयो, “महोत्सवको आकर्षणका रुपमा फोटो प्रदर्शनी र स्थानीय उत्पादन प्रभावकारी रहे। महोत्सव सफल पार्न सहयोग गर्ने सबैलाई धन्यवाद दिन चाहान्छु, महोत्सवले बागलुङको पर्यटन र व्यापारमा एउटा ईँटा थपेको छ।” कोरोनापछि सुस्ताएको व्यापार बढाउन बागलुङ महोत्सव फलदायी भएको सङ्घका महासचिव ऋषिराम गौतमले जानकारी दिनुभयो । “मुख्य मञ्च, व्यापारिक कक्ष, रमाइलो मेलालगायतले धेरैलाई आकर्षण गरेको थियो, दुलही जस्तै सिङ्गारिएको बागलुङ बजारले व्यापार व्यवसायलाई फस्टाउन मद्दत गरेको थियो”, गौतमले भन्नुभयो, “महोत्सवलाई गण्डकी प्रदेशस्तरीय पर्यटन, कृषि तथा औद्योगिक व्यापार मेलास्तरमा आयोजना गर्नु ऐतिहासिक उपलब्धि भएको छ।” महोत्सवका अवसरमा खुला रिले दोहोरी तथा प्रत्यक्ष दोहोरी गीत प्रतियोगिता, खुला महिला तथा पुरुष भलिबल प्रतियोगिता, खुला भजन प्रतियोगिता सम्पन्न गरिएको छ । सङ्घको सामाजिक उत्तदायित्वअन्तर्गत महोत्सवबाट बचत भएको रकम सदस्य कल्याणकारी कोषमा रु पाँच लाख जम्मा गरिने, धौलागिरि बहुमुखी क्याम्पसको छात्रवृत्ति कोषमा सहयोग गरिने, बागलुङ बजारमा सिसी क्यामेरा जडानमा सहयोग गर्ने, कोसेली घर सञ्चालनमा ल्याउने र नेपाल पत्रकार महासङ्घको संस्थागत विकासमा सहयोग गरिने जनाइएको छ।

# सरकारी विद्यालयमा छोराछोरी पढाउने अभिभावकको स्वास्थ्य बीमा निःशुल्क

**पोखरापत्र संवाददाता**
दमौली, २३ पुस

आँबुखैरेनी गाउँपालिकाले सामुदायिक विद्यालयमा छोराछोरी पढाउने अभिभावकको निःशुल्क स्वास्थ्य बीमा गरिदिने भएको छ। गाउँपालिकाले पहिलो चरणमा विकट तथा आर्थिक रुपले पिछडिएका क्षेत्रका अभिभावकको स्वास्थ्य बीमा गर्न लागेको हो।

सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढाउन यो नीति ल्याइएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो । चुमानका अनुसार पहिलो चरणमा वडा नम्बर ४, ५ र ६ मा यो कार्यक्रम लागू हुनेछ । उहाँले भन्नुभयो, “सामुदायिक विद्यालयमा छोराछोरी पढाएका अभिभावक तथा विद्यार्थीका लागि स्वास्थ्य बीमा लागू हुनेछ । यसले सामुदायिक विद्यालयप्रति आकर्षण बढाउने अपेक्षा गरेका छौं ।” स्वास्थ्य बीमाका लागि पालिकाले नीति, कानुन निर्माण गरिसकेको छ । यसका लागि सम्बन्धित विद्यालयको सिफारिससहित वडाबाट विद्यार्थीको विवरण सङ्कलन, बीमा फारम, नवीकरणलाई अगाडि बढाइएको चुमानले बताउनुभयो । माघभित्र ती वडाका सबै विद्यार्थी र अभिभावकको स्वास्थ्य बीमा गरिसक्ने चुमानको भनाइ छ।

उहाँले भन्नुभयो, “आवश्यकता बमोजिम आगामी वर्षमा प्राथमिकतामा आधारमा अन्य वडामा पनि यो कार्यक्रम विस्तार गर्ने लक्ष्य छ ।” गाउँपालिकाले यसै शैक्षिक शत्रदेखि जनप्रतिनिधिका छोराछोरीलाई अनिवार्य रुपमा सामुदायिक विद्यालयमा अध्ययन गराउने निर्णय कार्यान्वयन गरेको थियो। सामुदायिक विद्यालयको शैक्षिक सुधार अभियानअन्तर्गत जनप्रतिनिधिका छोराछोरीलाई अनिवार्य सामुदायिक विद्यालयमा पढाउने निर्णय कार्यान्वयनमा आइसकेको छ । गाउँपालिकाले विसं २०८० लाई सामुदायिक विद्यालयको शिक्षा रुपान्तरणको अभियानको रुपमा अगाडि बढाएको छ । सामुदायिक विद्यालयको सुधारका निम्ति सुविधा सम्पन्न भौतिक पूर्वाधारको व्यवस्थापन, पूर्ण दरबन्दीको व्यवस्थापन, सिकाइ गुणस्तर अभिवृद्धिलगायतका कार्यक्रम सञ्चालन गरिने जनाइएको छ । गाउँपालिकाले सामुदायिक विद्यालयको गुणस्तर सुधार योजनाको सुरुवात गरेको छ । गाउँपालिकाले रुप फेर्ने, सिकाइ गुणस्तर, अनुगमन र प्रोत्साहन गरी चार विषयलाई प्राथमिकता दिएको अध्यक्ष चुमानले जानकारी दिनुभयो । चुमानले भन्नुभयो, “हामी निर्वाचित भएर आएदेखि नै शिक्षाको गुणस्तर वृद्धिका लागि के गर्न सक्छौं भनेर कार्ययोजना बनाएर लागेका छौं । शिक्षाको गुणस्तर सुधारका लागि यसलाई मुख्य प्राथमिकता दिएका छौं ।” आँबुखैरेनी गाउँपालिकाका-६ वटा वडामा ३५ सामुदायिक विद्यालय छन् । ती विद्यालयमा करिब चार हजार पाँच सय विद्यार्थी अध्ययनरत छन् । “सामुदायिक विद्यालयको स्तर सुधार्नुपर्छ भनेर भाषणमा भन्दा पनि व्यवहारमा लागू गरेका छौं”, चुमानलेभन्नुभयो।गाउँपालिकाले सामुदायिक विद्यालयमा पढाउने परिवारलाई कर छुट दिने नीति ल्याएको छ।

# विन्ध्यवासिनीमा रक्तदान हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २३ पुस

पोखराको बाटुलेचौरमा रहेको विन्ध्यवासिनी माध्यमिक विद्यालयमा रक्तदान हुने भएको छ।

विद्यालयको ७७औं वार्षिक उत्सवको पुर्व सन्ध्यामा यही पुस २६ गते विहान रक्तदान कार्यक्रमको आयोजना गरिएको विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद आचार्यले जानकारी दिनुभयो। हिउँदको बेला अधिकांश सघ संस्थाले रक्तदान कार्यक्रम नगर्ने भएकाले यो सिजनमा पोखरामा रगतको अभाव देखिने गरेको छ। रगतको अभावलाई के ही मात्र भएपनि न्युनिकरण गर्न विद्यालयले प्रत्यक वर्ष कार्यक्रम गर्ने र रक्तदानका विषयमा जानकारी गराउने उद्धेश्यले रक्त संचार केन्द्रको प्राविधीक सहयोगमा सो कार्यक्रम गर्न लागिएको विद्यालयका सह प्रधानाध्यापक एवं सुचना अधिकारी रामवहादुर वानियाले वताउनुभयो । कार्यक्रममा उपस्थित भएर सहयोग गर्न विद्यालयले सवैलाई आग्रह समेत गरेको छ । कार्यक्रमको तयारी अन्तिम चरणमा पुगेको वताईएको छ।

पुस २७ गते आयोजना हुने वार्षिकोत्सवको अवसरमा विद्यालयले विभिन्न कार्यक्रमको आयोजना समेत गरेको छ ।सामुदायिक विद्यालयमा देशकै पहिलो नमुना विद्यालय बनेको विद्यालय पोखराकै पुरानो विद्यालय मानिन्छ।

# गण्डकी प्रदेश ह्याण्डबल संघ तदर्थ समितिको अध्यक्षमा पाठक

**पोखरापत्र संवाददाता**
पोखरा, २३ पुस

गण्डकी प्रदेश ह्याण्डबल संघ तदर्थ समितिको अध्यक्षमा केशव पाठक सर्वसम्मत चयन भएका छन् ।

प्रदेश खेलकुद परिषद गण्डकीको आयोजनामा सम्पन्न भेलाले अध्यक्षमा पाठकसहित १५ सदस्यि कार्यसमिति निर्विरोध चयन गरेको हो । समितिको उपाध्यक्षमा गिरमान गुरुङ, महिला उपाध्यक्षमा शान्ती थापा बैद्य, महासचिवमा राजेन्द्र पहाडी, सचिवमा विशाल क्षेत्री, कोषाध्यक्षमा बिना गोतामे चयन भएका छन् । त्यसै गरी कार्यसमिति सदस्यमा प्रदिप बगाले (स्याङजा), पार्वती विक (नवलपुर), अधिप पाण्डे (तनहुँ), मोहन गुरुङ (कास्की), तिलक



बहादुर अधिकारी (कास्की), कृष्ण सिंह बस्नेत ( गोरखा) र कल्याण भण्डारी (बागलुङ) चयन भएका छन् । यस अघि भेलालाई सम्वोधन गर्दै प्रदेश खेलकुद परिषदका सदस्य सचिव श्रीधर शर्माले खेलकुदको विकासका लागि परिषदले विभिन्न यो जनाहरु अघि सारेको जनाउँदै १० औं राष्ट्रिय खेलकुदको तयारीमा जुट्न आग्रह गरे । उनले खेल संघहरुलाई सुशासनतर्फ अघि बढाउने प्रयासमा परिषद रहेको जनाउँदै नवगठित समितिले ह्याण्डबल खेलाडीको उत्पादन र विकासको गतिलाई समेत सँगै-सँगै अघि बढाउनेमा आफू विश्वस्त रहेको उल्लेख गरे । सो अवसरमा परिषदका कार्यकारी सदस्यद्वय दिल बहादुर गुरुङ, ऋषीराम गौतम, पूर्व राष्ट्रिय ह्याण्डबल खेलाडी देवेन्द्र कुमार शेरचनले शुभकामना तथा बधाई दिँदै नवगठित कार्यसमितिले ह्याण्डबल खेलको विकासमा आ-आफ्नो ठाउँबाट सक्दो प्रयास गर्न र दर्शौको तयारीका लागि योजनावद्धरुपमा कार्य गर्न आग्रह गरे । प्रदेश खेलकुद विकास ऐन २०७७ र प्रदेश खेलकुद विकास नियमावली २०७८ अनुसार गठन भएको प्रदेश ह्याण्डबल संघलाई गति दिने गरी योजनाहरु निर्माण गर्ने प्रतिवद्धता नवगठित समितिका अध्यक्षले प्रतिवद्धता व्यक्त गरेका छन् । यसै गरी सम्पन्न भेलाले केन्द्रिय प्रतिनिधीको रुपमा पूर्व राष्ट्रिय ह्याण्डबल खेलाडी शेरचनलाई चयन गरेको छ भने गण्डकी प्रदेशको प्रशिक्षकको जिम्मेवारी ह्याण्डबल प्रशिक्षक राम बहादुर क्षेत्रीलाई दिने निर्णय समेत गरेको छ।

# म्याग्दीमा संस्थागत प्रसूति सेवा लिने दर ९९ प्रतिशत

**पोखरापत्र संवाददाता**
म्याग्दी, २३ पुस

घरमा असुरक्षित प्रसूति हुने र नियमित गर्भ परीक्षण नगराउने समस्या हटाउन म्याग्दीको अन्नपूर्ण गाउँपालिकाले 'आमासँग जनप्रतिनिधि' कार्यक्रम सञ्चालन गरेको छ।

तोकिएको समयमा नियमित गर्भ परीक्षण र संस्थागत प्रसूति सेवामा पहुँच बढाएर मातृ शिशु मृत्युदर घटाउन, स्वास्थ्य र पोषण सुधार गर्न कार्यक्रम लागू गरेको हो । अन्नपूर्ण गाउँपालिकाका स्वास्थ्य शाखाका प्रमुख समुन्द्र बरुवालले कार्यक्रममार्फत नियमित गर्भ परीक्षण र स्वास्थ्य संस्थामा प्रसूति सेवा लिनेलाई पोषिलो खानेकुरा उपहार दिने व्यवस्था मिलाएको बताउनुभयो । "गर्भवती र सुत्केरीलाई अण्डा, भाले, घ्यू, सर्वोत्तम पिठो र न्यानो कपडा वितरण गर्न चालु आवमा आमासँग जनप्रतिनिधि कार्यक्रमका लागि रु सात लाख बजेट विनियोजन भएको छ", उहाँले भन्नुभयो, "घरमा असुरक्षित प्रसूति हुने र नियमित गर्भ परीक्षण नगराउने समस्या हटाउन उपहारसहित सचेतनामूलक कार्यक्रम गरेका हौं ।" तोकिएको मितिमा चार पटक गर्भ परीक्षण गर्दा हरेक पटक एक/एक क्रेट अण्डा र संस्थागत प्रसूति हुनेलाई जनप्रतिनिधि र स्वास्थ्यकर्मी घरमै पुगेर एउटा कुखुराको भाले र आधा लिटर घ्यू दिने गरेका छन् । सुत्केरी भएपछि पनि तीन पटक सुत्केरी जाँच गर्नेलाई थप एक क्रेट अण्डा, एक किलो ग्राम सर्वोत्तम पिठो र बच्चालाई न्यानो कपडा दिने गरिएको छ । यसअघिका दुई वर्षमा 'गर्भवती र सुत्केरीसँग उपाध्यक्ष' शीर्षकमा सञ्चालन भएको कार्यक्रम प्रभावकारी बनेपछि यसपालि शीर्षक परिमार्जन गरेर निरन्तता दिइएको गाउँपालिकाका उपाध्यक्ष दिवा तिलिजा पुनले बताउनुभयो । उपहार दिन थालिएपछि गर्भ परीक्षण गराउने दर २७ प्रतिशतबाट बढेर ९२ प्रतिशत पुगेको छ । संस्थागत प्रसूति सेवा लिने दर ९९ प्रतिशत छ । गत आव २०७९/०८० मा सुत्केरी भएका १३९ जनामध्ये एक सय ३५ जनाले संस्थागत प्रसूति सेवा लिएका थिए । चार वटा बच्चा मृत जन्मिएका थिए । चालु आर्थिक वर्षको पाँच महिनाको अवधिमा ११ जनाले संस्थागत प्रसूति सेवा लिएका छन् ।

नियमित गर्भ र सुत्केरी परीक्षण गराउँदा आमा र बच्चाको स्वास्थ्य अवस्था तथा समस्या पहिचान गरेर जोखिमको व्यवस्थापन गर्न सहज भएको छ । गर्भवती र सुत्केरीको खानपान, सरसफाइ र स्याहारसुसारमा जागरण आएको छ । गर्भवती र सुत्केरीलाई उपहार दिइने अण्डा, घ्यू, सर्वोत्तम पिठो र भाले स्थानीय उत्पादन प्रयोग गरिएको प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले बताउनुभयो । आव २०७८/७९ मा अन्नपूर्ण गाउँपालिकामा एक सय २७ जनाले संस्थागत प्रसूति सेवा लिएका थिए । आठ वडा रहेको अन्नपूर्णको एक दोवा, तीन दाना र चार नारच्याङबाहेकका स्वास्थ्य संस्थामा प्रसूति केन्द्र छन् । वडा नम्बर ५ मा पर्ने पाउद्वारको सामुदायिक स्वास्थ्य एकाइमा पनि प्रसूति केन्द्र सञ्चालन भएको छ । गर्भवती र सुत्केरीलाई उपहार दिने कार्यक्रमका लागि आव २०७८/०७९ र २०७९/०८० मा रु छ/छ लाख बिनियोजन भएको थियो।

# गण्डकी प्रदेश बक्सिङ संघ तदर्थ समितिको संयोजकमा मर्सानी र सहसंयोजकमा क्षेत्री

**पोखरापत्र संवाददाता**
पोखरा, २३ पुस

गण्डकी प्रदेश बक्सिङ संघ तदर्थ समितिको संयोजकमा विद्या प्रसाद मर्सानी र सह-संयोजकमा खगेन्द्र क्षेत्री सर्वसम्मत चयन भएका छन् ।

प्रदेश खेलकुद परिषद गण्डकीको आयोजनामा सम्पन्न भेलाले अध्यक्षमा मर्सानी र सहसंयोजमा क्षेत्री सहित ९ सदस्यि तदर्थ समिति निर्विरोध चयन गरेको हो । संयोजकमा चयन भएका मर्सानी बक्सिङका पूर्व मुख्य प्रशिक्षक समेत हुन् । उनी राखेप अन्तर्गत तत्कालिन पश्चिमाञ्चाल क्षेत्रिय खेलकुदमा प्रशिक्षण विभाग प्रमुख समेत रहेका थिए । सह-सयोजक क्षेत्री परिषदका सदस्य हुन् भने उनी विभिन्न खेलकुदमा योगदान दिएका जुझारु युवा हुन् ।

समितिको सदस्यमा शनी



केसी, मिन बहादुर भण्डारी, पहल सिंह थापा, पुजन शाक्य, ऋषीसरा थापा, सुविन गुरुङ र दल बहादुर राना निर्विरोध चयन भए । यस अघि भेलालाई सम्वोधन गर्दै प्रदेश खेलकुद परिषदका सदस्य सचिव श्रीधर शर्माले खेलकुदको विकासका लागि परिषदले विभिन्न योजनाहरु अघि सारेको जनाउँदै अनुशासनलाई प्राथमिकतामा राखेको बताए । उनले भने- "हामीले आचरण र व्यवहारलाई मुख्य रुपमा लिएका छौं । खेलकुदको अनुशासित मार्गदर्शन रहेर कार्य गर्न म सबैलाई आग्रह गर्छु ।" उनले परिषदले प्रशिक्षक, रेफ्रि, तथा खेलाडीहरुको आकस्मिक विमा गर्ने लगायतका कार्यहरु तत्कालै गर्न लागेको जानकारी गराउँदै बागमती प्रदेशस्तरीय प्रतियोगिताको समेत तयारीमा जुट्न उनले आग्रह गरे । सो अवसरमा बक्सिङका अन्तर्राष्ट्रिय खेलाडी एवं पर्यटन व्यवसायी गणेश बहादुर भट्टराईले सर्वसम्मत रुपमा बक्सिङको समिती गठन हुन सबैका लागि उदाहरणिय कार्य रहेको जनाउँदै ११ वटै जिल्लामा बक्सिङ खेलको विकास गर्न र अन्तर जिल्ला प्रतिस्पर्धा आवश्यक रहने कुरामा जोड दिए । नेपाल बक्सिङ संघका सदस्य राजेन्द्र पाहारीले नवगठित कार्यसमिति गण्डकी प्रदेशमा बक्सिङ खेलको विकासमा योजना सहित अघि बढ्नेमा आफू विश्वस्त रहेको जनाउँदै त्यसका लागि आफ्नो सहयोग रहिरहने बताए । प्रदेश खेलकुद विकास ऐन २०७७ र प्रदेश खेलकुद विकास नियमावली २०७८ अनुसार गठन भएको प्रदेश बक्सिङ संघलाई गति दिने गरी योजनाहरु निर्माण गर्ने प्रतिवद्धता नवगठित समितिका अध्यक्ष मर्सानीले प्रतिवद्धता व्यक्त गरेका छन् ।

# यस वर्ष ५७ लाख २४ हजार मेट्रिक टन धान फल्यो

**पोखरापत्र संवाददाता**
पोखरा, २३ पुस

यस वर्ष ५७ लाख २४ हजार दुई सय ३४ मेट्रिक टन धान फलेको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ।

मन्त्रालयले सोमबार प्रेस विज्ञप्ति जारी गर्दै गत आर्थिक वर्षको तुलनामा चालु आवमा चार दशमलव ३३ प्रतिशतले धान उत्पादन बढेको जनाएको हो । चालु आवको धान उत्पादन पछिल्लो चार वर्षको औसत उत्पादनको तुलनामा पाँच दशमलव ०८ प्रतिशतले बढेको जनाइएको छ । धान उत्पादन बढे पनि धान खेती भएको जमिन भने घटेको देखिएको छ । कूल धानबाली लगाइएको क्षेत्रफल गत आवको तुलनामा शून्य दशमलव ६१ अर्थात् ८ हजार ८ सय हेक्टरले कमी आई १४ लाख ३८ हजार नौ सय ८९ हेक्टर कायम हुन पुगेको मन्त्रालयले जनाएको छ। यसवर्ष धानबाली लगाइएको क्षेत्रफल पछिल्लो चार वर्षको औसत क्षेत्रफलको तुलनामा एक दशमलव ७३ प्रतिशतले कम हो । धानको उत्पादसँगै उत्पादकत्व पनि बढेको छ । "धानबालीको औसत उत्पादकत्व गत आवको तुलनामा चार दशमलव ९७ प्रतिशतले वृद्धि भई तीन दशमलव ९८ मेट्रिकटनप्रति हेक्टर पुगेको छ", मन्त्रालयको विज्ञप्तिमा भनिएको छ, "जुन गत चार वर्षको औसत उत्पादकत्वभन्दा छ दशमलव ९२ प्रतिशतले बढी हो ।" चाल आवमा धान उत्पादन कोशी प्रदेशमा उच्च छ भने कर्णाली प्रदेशमा न्यून छ । उत्पादकत्वतर्फ कोशी प्रदेशमा चार दशमलव ४३ मेट्रिनटन प्रति हेक्टरसहित अग्र स्थानमा र मधेस प्रदेश तीन दशमलव ४९ मेट्रिकटन प्रतिहेक्टर पुछारमा रहेको छ । विगतका वर्ष जस्तै मुख्य धानको तुलनामा चैते धानको उत्पादकत्व उच्च कायम भएको मन्त्रालयले जनाएको छ । गत आवको तुलनामा उत्पादन र उत्पादकत्व वृद्धिका हिसाबले लुम्बिनी प्रदेश अग्रस्थानमा र मधेस प्रदेश ऋणात्मकमा छ । चालु आवमा धान उत्पादन वृद्धि हुनुमा उन्नत बीउको उपलब्धता र प्रयोग, रोग किराको प्रकोपमा कम बाढीपहिराबाट धान चालीमा पर्न जाने नकारात्मक असरमा कमी, मलखादको उपलब्धतामा आएको सुधार कृषि औजार र प्रविधिको प्रयोग र मौसमी अनुकूलतालाई लिइएको छ । मधेस प्रदेशका केही जिल्लामा धान रोप्ने समयमा पर्याप्त वर्षा नभएको कारणले मधेस प्रदेशमा धानको उत्पादन र उत्पादकत्वमा गत आवको तुलनामा ह्रास आएको देखिएको हो ।

सातवटै प्रदेशका कृषि मन्त्रालय, जिल्लागत रूपमा प्राप्त भएका प्रारम्भिक आँकडा र इसिमोडसँगको सहकार्यमा स्याटेलाइट इमेजको प्रयोग गरी धानबालीको तथ्याङ्क निकालिएको मन्त्रालयले जनाएको छ।

# बाह्रौं पोखरा महोत्सवमा सुरक्षा ब्यवस्था कडा पारिने

**पोखरापत्र संवाददाता**
पोखरा, २३ पुस

आगामी पुषको २६ देखि माघको ८ सम्म पोखराको अमर सिंह खेल मैदानमा आयोजना हुने बाह्रौ संस्करणको पोखरा महोत्सवमा सुरक्षा ब्यवस्था कडा बनाईने भएको छ । महोत्सवमा नेपाल प्रहरी, सशस्त्र, प्रहरी, सादा पोशाकका प्रहरी, सेक्युरिटी गार्ड, स्वयंसेवक र सिसि क्यामेराको माध्यमबाट सुरक्षा प्रदान गरिने भएको हो ।

महोत्सव आयोजक यूनाइटेड क्लब र सुरक्षा निकायहरुवीचको बैठकमा बोल्दै कास्कीका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले पोखरा महोत्सवको सुरक्षामा कुनैपनि कमजोरी हुन नदिने वताए । यूनाइटेड क्लबले महोत्सवको आयोजना गरी सामाजिक काममा अग्रसर रहेको आफुले जानकारी पाएको वताउदै सामाजिक कामका लागि आयोजना गरिने पोखरा महोत्सवको सुरक्षामा कुनैपनि कमि कमजोरी हुन नदिने वताएका हुन ।

महोत्सव आयोजकले अघिल्लो संस्करणको महोत्सवहरुको भन्दा यो संस्करणमा अझै सुरक्षामा विशेष महत्वका साथ सुरक्षा प्रदान गर्ने गरी प्रहरी प्रशासन संग सहकार्य गरेर अगाडी वढेमा सुरक्षामा कुनैपनि चुनौति खडा नहुने वताउदै जिल्ला अधिकारी घिमिरेले महोत्सव स्थलहरु वरपर राखिने फुटपाथ ब्यवशायीहरुले सडक दुर्घटनाहरु निम्त्याउन सक्ने वताए । फुटपाथ ब्यवशायीहरुलाई हटाउन महानगर संग सहकार्य गर्न महोत्सव आयोजकलाई आग्रह गर्दै महानगरले हटाउन नसके प्रशासन लगाएर फुटपाथ ब्यवशाय हटाउन प्रशासनले सहयोग गर्ने समेत बताए । महोत्सवको माध्यमबाट सचेतनामुलक सुचनाहरु प्रवाह गर्न समेत उनले आग्रह गर्दै महोत्सवमा प्रविधीको उच्चतम प्रयोग गरी सुरक्षालाई चुस्त दुरुस्त बनाउन प्रहरी प्रशासन र आयोजक लाग्नुपर्नेमा जोड दिए ।

कास्की प्रहरी प्रमुख मोहन कुमार थापाले महोत्सव अवधिभर विषेश सुरक्षा योजना बनाएर अघिल्लो संस्करण भन्दा बढी मात्रामा प्रहरी परिचालन गराउने वताए । महोत्सव स्थलमा निगरानीका लागिने सिसि क्यामेरामा नेपाल प्रहरीबाट नै दक्ष प्राविधिकको उपस्थितीमा प्रत्यक्ष निगरानी गर्ने समेत थापाको भनाइ रहेको थियो । त्यस्तै ट्राफिक ब्यवस्थापनका लागि आयोजक संग सहकार्य गरेर अगाडी वढ्ने जिल्ला ट्राफिक प्रहरी प्रमुख प्रहरी निरीक्षक भानु शर्माले वताए । कालिका गण माले पाटनका गणपति प्रहरी उपरिक्षक धन बहादुर बानियाले महोत्सवको सुरक्षाको लागि सशस्त्र प्रहरीले समेत आवश्यक अनुसार फौज परिचालन गर्ने वताए ।

सो अवसरमा वोल्दै जेट सेक्युरिटीका प्रवन्ध निर्देशक कृष्ण सुवेदीले प्रशासनबाट उपलब्ध सुरक्षाकर्मी संग सहकार्य गरेर महोत्सवको सुरक्षामा लाग्ने वताए । त्यस्तै सिसि क्यामेरा आइटिकीका प्रवन्ध निर्देशक दिनेश महर्जनले महोत्सवमा अत्याधुनिक सिसि क्यामेराको माध्यामबाट पूर्ण सुरक्षाको प्रवन्ध मिलाएको वताए ।

सो अवसरमा बाह्रौं पोखरा महोत्सव मुल आयोजक समितिका संयोजक राजु श्रेष्ठले महोत्सवको बारेमा जानकारी गराएका थिएभने महोत्सव प्रचार प्रसार संयोजक दिनेश सुनारले कार्यक्रमको सञ्चालन गरेका थिए ।

# कोभिडको सब-भेरियन्ट पुष्टि

**रासस**
काठमाडौं, २३ पुस

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले विश्वका केही देशमा फैलिरहेको कोभिड-१९ सङ्क्रमणको नयाँ सब-भेरियन्ट जेएन वान नेपालमा पहिलोपटक फेला परेको पुष्टि गरेको छ। मन्त्रालयले आज विज्ञप्ति जारी गर्दै नयाँ सब-भेरियन्ट जेएन वान फेला परेकाले सतर्क रहन सर्वसाधारणमा अनुरोध गरेको छ। नयाँ भेरियन्टको सङ्क्रमण फैलन नदिन भीडमा नजान, भौतिक दूरी कायम गर्न, मास्कको प्रयोग गर्न र साबुनपानीले हात धुन मन्त्रालयले आग्रह गरेको छ। मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले देशका विभिन्न भागबाट विभिन्न उमेर समूहका व्यक्तिबाट सङ्कलित १६ वटा नमूनाको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला गरिएको 'जिन सिक्वेन्सिङ'मा सातवटा नमूनामा ओमिक्रोनको सब-भेरियन्ट जेएन.वान देखिएको राससलाई बताउनुभयो । मन्त्रालयले सङ्क्रमण रोक्न नेपाल-भारत सीमानाकाका प्रवेश बिन्दुमा 'हेल्थ डेस्क' स्थापना गर्न स्वास्थ्य कार्यालयहरूलाई निर्देशन दिएको छभने आवश्यक स्क्रिनिङ र निगरानी निरन्तर गर्न आग्रह गरेको छ।

# रास्वपा पोखरा १६ को अधिवेशनको तयारी शुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २३ पुस

नयाँ शक्तिको रुपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीले देशभरका वडाहरुमा अधिवेशनलाई तिव्रता दिएको छ।

कास्कीमा पनि केही वडामा अधिवेशन सम्पन्न भई नयाँ नेतृत्व चयन भएका छन् भने केही वडामा तयारी शुरु गरिएको छ। रास्वपा पोखरा १६ ले पनि अधिवेशनको तयारी शुरु गरेको सभापति केशव वस्नेतले जानकारी दिनुभयो। वडा अधिवेशनको तयारीका विषयमा सोमवार भएको छलफलमा पार्टीका कास्की संयोजक रुक्मांगत भण्डारीले पार्टीको ऐतिहासिक अधिवेशनको जानकारी गराँउदै, पार्टीको संरचना, वडा तहको निर्वाचन प्रणाली, प्रतिनिधीको सहभागिता लगायतका विषयमा जानकारी दिनुभएको छ । वडा अधिवेशनले पार्टीको अभियानलाई थप मजवुत र सशक्त वनाउने वताउँदै, यसले जनताको आर्कषण वढ्ने स्पष्ट पानुभयो।

छलफलमा स्वतन्त्र पार्टीका नेताहरु दुर्गा रञ्जित श्रेष्ठ, शोभा कायस्थ, नारायण आचार्य, अरविन तुलाचन, जीवन वहादुर वस्नेत लगायतले पार्टीले अगाडी सारेको योजनाको विषयमा जानकारी गराएका थिए।

यही पुस २८ गते शनिवार प्रथम ऐतिहासिक अधिवेशन गर्ने र अधिवेशनले आगामी ५ वर्षका लागि नयाँ समिति चयन गर्ने सचिव विश्ववन्धु थापाले जानकारी दिनुभयो । वडा समितिमा सभापति र सदस्यको निर्वाचन हुने व्यवस्था पार्टीमा रहेको वताईएको छ।